# डाक्नेश्वरी नगरपालिका, सप्तरी

## डाक्नेश्वरी नगरपालिकाको निति तथा कार्यक्रम

नगर सभाबाट स्वीकृत  मितिः २०७८।०३।३१

**डाक्नेश्वरी नगरपालिका**

**पातो, सप्तरी**

**यस नगरसभामा उपस्थित आदरणीय सम्पूर्ण महानुभावहरु**

नेपाली जनताको त्याग,बलिदान र लामो संर्घषबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रलाई दरीलो र मजबुत बनाउदै डाक्नेश्वरी नगरपालिकाका आम नागरीकको जीवनमा खुशी ल्याउन आगामी आ.व.को लागि नीति, कार्यक्रम तर्जुमा गर्न लागिरहेका छौं । थौरै श्रोत साधनबाट जनताले चाहेको सम्पूर्ण कुरा पुरा गर्न केही कठीन भएता पनि आर्थिक,सामाजिक तथा पूर्वाधार विकास निर्माण गर्न केही हदसम्म उपलब्धि हासिल गरिएको छ । अन्योलता र अनुभव विहिन अवस्थाबाट शुरु गरिएका कार्यहरुले सबैको भावनालाई समेट्न नसकेता पनि हामीले गरेका आश्वासन र प्रतिवद्धता लाई केही हदसम्म पुरा गरेको छौ ।

संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत बनाई आम नागरिकको सम्मान र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्नको लागि यो नीति कार्यक्रम तय गरिएको छ । नेपाली जनतालाई संघियता र गणतन्त्रको प्रतिफल दिलाउन मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनका कममा शहादत्त प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाईते तथा वेपता नागरिकहरुप्रति उच्च सम्मान गर्न चाहन्छू ।

विकास प्रकृयालाई गतिशिल बनाई यस क्षेत्रको सर्वाङ्गिण विकास गर्न हामी निरन्तर लागी परेका छौं ।सेवा प्रवाहमा प्रभावकारीता ल्याउन कर्मचारीहरुको पदपुर्ति गर्दै आफनै कार्यालय भवनबाट कार्य सञ्चालन गर्दै संस्थागत विकास गर्न हामी तल्लीन रहेका छौ । यस नगरपालिका क्षेत्रमा अझै पनि सडक, खानेपानी, सिचाँई, भवन जस्ता पूर्वाधार क्षेत्रमा विकास गर्न अझै पनि प्रशस्त मेहनत गर्नु पर्ने र श्रोत साधन जुटाउनु पर्ने अवस्था विद्यमान छ ।

श्रोत साधनको अभाव र पूर्वाधारको कमीका बाबजुद यस नगरपालिकाको आर्थिक,सामाजिक र पूर्वाधार क्षेत्रमा गरिएका कार्यहरुले थौरै मात्रामा भएपनि सकरात्मक योगदान दिन सकेको महुसुस गरिएको छ । समावेशी र अर्थपूर्ण विकास गरी जनतालाई खुशी बनाउनु नै हामी निर्वाचित पदाधिकारीहरुको एक मात्र उद्धेश्य रही आएको छ । विगतका बर्षहरुमा तय गरिएका नीति कार्यक्रम,हामीले गरेका प्रतिवद्धता र आश्वासन तथा संघिय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन समेत लाई आधार मानी आगामी दिनको लागी नीति कार्यकम परिलक्षित गरिएको छ ।

कोरोना महामारी कारण आ.व.०७६/०७७ र आ.व.०७७/०७८ मा तय गरिएका वजेट योजना तथा कार्यकम समयमै सम्पन्न गर्न अन्यन्त कठिनाई भयो भने कतिपय योजना कार्यकम सञ्चालन नै गर्न सकिएन । आगामी दिनमा कोरोना महामारीबाट उत्पन्न परिस्थितिलाई सहज बनाई आम जनतालाई सुरक्षित राख्दै हामी निर्वाचित हुदाँका बखत गरिएका आश्वासन र प्रतिवद्धता, राजनितिक दल तथा अन्य क्षेत्रबाट प्राप्त सल्लाह र सुझाव समेतलाई मध्यनजर गरी आ.व. २०७८/०७९ को नीति कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।

**आदरणीय महानुभावहरु**

अव म आगामी आ.व को लागि तय गरिएको नीति कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

## १)आर्थिक विकास

- नगरपालिकामा व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री बाताबरण तयार गरीनेछ।
- युवा तथा लक्षित वर्गको लागि सिपमूलक तालिम तथा लघुउद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- बजारकेन्द्र को विकास र विस्तार गरिनेछ।
- भु-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- सम्भाव्यताको आधारमा प्रत्येक वडालाई कृषिको विभिन्न पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।
- स्थानिय सामग्रीबाट उत्पादन हुने खाद्य पदार्थको लागि प्रोत्साहन र सहज बजारीकरणको प्रवन्ध गरिनेछ
- औद्योगिक विकास विस्तारको लागि ओद्यौगिक ग्राम निर्माण र सञ्चालनको कामलाई तिव्रता दिइनेछ।
- यस नगरपालिकामा रोजगार र आयआर्जन हुने खालका विशेष आयोजना र कार्यक्रम छनौट गरी कार्यान्वयन गरिनेछ।
- कोभिड १९ को कारणबाट सिर्जित गरिवि न्यूनिकरणको लागि यस्ता व्यक्तिको लगत संकलन गरी काममा आवद्ध गर्दै रोजगारी र  राहत कार्यकम सञ्चालन गरिनेछ।
- यस क्षेत्रका बेरोजगारी व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न उनीहरुको सीप क्षमता आवश्यकता पहिचान गरी कृषि लघुउद्यम व्यवसाय आकर्षित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- योजना तथा कार्यकम छनौट र कार्यान्वयन गर्दा श्रममुलक कार्यलाई प्राथमिकता दिईनेछ।

## २) कृषि

- नगरपालिकाको कृषि पशु प्रोफाइल तयार गरी विषय विज्ञ सरोकारवालाको सहभागीता र समन्वयमा कृषि विकास रणनिति तर्जुमा गरिनेछ।
- व्यवसायिक कृषि खेतीका लागि विभिन्न सिपमूलक तालिम कार्यकहरु सञ्चालन गर्दै लगिनेछ।
- सामुहिक खेती,सहकारी खेती प्रणाली मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउदै लगिनेछ।
- नगरपालिकाका विभिन्न क्षेत्रहरुलाई विभिन्न कृषि उत्पादन जोन क्षेत्रको रुपमा विकास गरिनेछ ।
- कृषि उत्पादनमा वढावा गर्न तथा कृषिमा हुने सम्भावित जोखिम न्युनिकरणका लागि कृषि विमा कार्यक्रम सञ्चालन गरिनेछ
- कृषि उत्पादनलाई वजारीकरण गर्न तथा सम्भाव्यताको आधारमा यस नगरपालिकाको सवै वडामा निश्चित कृषि उपज संकलन केन्द्रको स्थापना सञ्चालन गरिनेछ।
- माटो परिक्षण शिविर सञ्चालन गरी प्रतिवेदनको आधारमा सम्भाव्यता अनुसार लागत साझेदारीमा **"हाम्रो कृषि -हाम्रो गौरव"**भन्ने नाराका साथ कृषि उत्पादन,बजारीकरणका कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइनेछ।
- नर्सरी तथा विउविजन बैंक स्थापनाको लागि पहल गरिनेछ।
- आवश्यकतामा आधारित रही कृषि सम्बन्धि दक्ष प्राविधिकको व्यवस्था गर्दै लागिनेछ।
- कृषि बालीमा रासायनिक र किटनाशक औषधिको प्रयोगलाई नियन्त्रण गर्दै जैविक किटनाशक प्रविधिको प्रयोग गर्न किसानहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।

- कृषि सिचाँईका लागि मागमा आधारित डिप बोरिङ्ग,कुलो मर्मत, साना सिर्चाइका कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि मलको सहज प्राप्ति र वितरण हुने व्यवस्था मिलाइनेछ ।

## ३) पशुपंक्षी पालनः

- सम्भाव्यता अध्ययनको आधारमा व्यवसायिक मासु तथा दुध उत्पादन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षी विमा कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- भुइ घाँस/डाले घाँस प्रर्वद्धन गरी व्यवसायिक पशुपालन गर्न किसानहरुलाई सहुलियत र प्रोत्सहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुजन्य रोग र महामारी नियन्त्रणको लागि आवश्यक औषधि व्यवस्थापन गर्नुका साथै पशु ल्यावसँग सम्बन्धित औजार सामाग्रीको व्यवस्था गरिनेछ ।
- स्वस्थकर र गुणस्तरीय मासु विक्री वितरण गर्नको लागि नमुना बधशालाको स्थापनाको लागि प्रोत्साहित गरिनेछ ।
- सवै वडाहरुमा निशुल्क पशु स्वास्थ्य जाँचहुने व्यवस्था मिलाइनेछ ।
- कित्रिम गर्भाधारण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

## ४)भौतिक पूर्वाधार

- सडक यातायात गुरुयोजना निर्माण गरी मुख्य मुख्य सडकलाई सबै मौसममा संचालन हुन सक्ने व्यवस्था मिलाइनेछ ।
- वडा केन्द्र सम्म पुग्ने सडकलाई गुणस्तरीय ग्राभेलिङ गर्ने साथै कालोपत्रे गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- नगरका मूख्य सडक र चोकमा विसौनी र हरित पार्क निर्माण कार्य गरिनेछ ।
- सवै वडा कार्यालय निर्माण र मर्मत सम्भार कार्यलाइ प्राथमिकता दिई सम्पन्न गरिनेछ ।
- प्रत्येक वडामा एक पार्क, एक पिकनिक स्पट र एक खेलकुद मैदानको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
- भवन निर्माण गर्दा नक्सापास गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ ।
- भुकम्पिय जोखिमलाई मध्येनजर गर्दै भुकम्प प्रतिरोधि घर निर्माणका लागि अभिप्रेरित गर्न स्थानीय कालिगढहरुलाई तालीमको व्यवस्था गरिनेछ ।
- यस नगरपालिकामा उपलब्ध विद्युतको क्षमता विस्तार गर्न तथा विद्युत नपुगेको स्थानमा विद्युतिकरण गर्न साझेदारीमा ट्रान्सफर्मर लगायत अन्य पूर्वाधार क्षमताको विकास गरिनेछ ।
- अधुरा मन्दिर,मस्जिद र सामुदायिक भवनहरु निर्माण गर्नलाई प्राथमिकता दिईनेछ ।
- सडकको गुणस्तर सुधार र स्तरोन्नतीको लागि **मर्मत संभार कोष** स्थापना गरी संचालनमा ल्याइनेछ ।
- नगरपालिकाका मूख्य चोक तथा वस्तीमा सौर्य वत्ती जडान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- आयोजना कार्यकमलाई उपभोक्ताको लागत साझेदारी तथा अनिवार्य ल्याव टेष्ट गर्नुपर्ने व्यवस्था गरिनेछ
- सार्वजनिक स्थल,सडकहरुमा जथाभावि निर्माण सामग्री राख्ने कार्यलाई नियन्त्रण गर्न दण्ड सजायको व्यवस्था गरिनेछ ।

## ५) खानेपानि तथा सिचाई

- प्रत्येक वडामा डिप बोरिंग मार्फत खेतीयोग्य जमीनमा सिचाँई उपलब्ध गराउन विद्युतीकरणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सिचाई र खानेपानीका लागि बृहत योजना संचालनमा ल्याइनेछ ।
- कृषि योग्य जमीनमा उत्पादन र उत्पादकत्व बढाउन साना सिचाँई कार्यकम अघि बढाईनेछ ।
- प्रत्येक नगरबासीलाई स्वच्छ र स्वस्थ खानेपानी उपलब्ध गराउन आवश्यक कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

## ६) पर्यटनः

- यस नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- पर्यटन क्षेत्रको एकीकृत विकासको लागि पर्यटन गुरुयोजनाको निर्माण गरिनेछ ।
- माँ डाक्नेश्वरी मन्दिर लगायत अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको बारेमा प्रचार प्रसार गरी आन्तरीक तथा बाहय पर्यटकलाई आकर्षित गरिनेछ ।
- कृषि पर्यटनलाई प्रोत्साहन हुने गरी कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न पर्यटन मैत्री पूर्वाधारको निर्माणमा जोड दिइनेछ ।

## ७) युवा तथा खेलकुदः

- नगरपालिकामा एक वटा रंगशाला निर्माणको लागि पहल गरिनेछ भने हरेक वडामा एक वटा खेलकुद मैदान निर्माण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नगरपालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- खेलकुद सम्बन्धि कानून निर्माण गरी वडा स्तरमा समेत खेलकुद प्रतियोगिता संचालन हुने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय, अर्न्तराष्ट्रिय ,प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गरी आधिकारीक रुपमा जाने खेलाडीलाई प्रोत्साहन गरिने व्यवस्था मिलाइनेछ ।
- विद्यालय स्तरमा खेलकुद प्रतियोगिता र तालिम संचालन हुने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान गर्ने संस्कारको विकास गरिनेछ ।
- स्वयंसेवक खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यालय तहमा खेलकुद कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।
- युवा स्वरोजगार अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरी स्थानीय स्तरमा तालिम सिप विकास भाषा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको मनोबैज्ञानिक सामाजिक समस्यालाइ न्युनिकरण गर्न परामर्श कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका स्तरीय कर्भडहल निर्माणको लागि पहल गरिनेछ ।

## ८) वातावरण,सरसफाई तथा विपद व्यवस्थापन नीतिः

- नगरक्षेत्रका मूख्य चोक,सडक,बजारक्षेत्रमा सार्वजनिक शौचालय निर्माण कार्य गरिनेछ ।
- नगरपालिकालाई प्लाष्टिक निषेधित क्षेत्रको रुपमा अगाडी बढाउन सरकारी कार्यालय, विद्यालयहरु तथा अन्य क्षेत्रलाई कमशः प्लाष्टिक निषेधित क्षेत्र बनाइनेछ ।
- एक घर एक विरुवा अभियान संचालन गरिनेछ ।
- बाँझो,ऐलानी र सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।
- धुवाँ रहित र विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- निजी वन लगाउनका लागि प्रोत्साहित गरिनेछ ।
- विपद सम्वन्धि कार्यका लागि प्रत्येक वडामा विपद व्यवस्थापन केन्द्रको स्थापना गरी राहत र उद्धार सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धि विपद रणनितिक कार्ययोजना निर्माण गरी कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन गर्न आवश्यक प्रवन्ध गरिनेछ ।
- विपदको समयमा राहत,उद्दार कार्यको लागि खुला सार्वजनिक स्थलको पहिचान गरी आश्रयस्थलको रुपमा विकास गरिनेछ ।
- सामुदायिक,नीजि र कवुलियती वन लाई प्रोत्साहन,संरक्षण र सर्म्बद्धन गर्ने नीति लिईनेछ ।
- प्रत्येक वडाको वस्ती टोलमा आवश्यकता अनुसार व्यवस्थित फोहोरमैला विसर्जन केन्द्रको व्यवस्था गर्दै लगिनेछ ।
- एक वडा एक हरित पार्कको अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

## ९) लक्षित वर्ग र सामाजिक समावेशिकरण नीतिः

- सामाजिक कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव वेचविखन विरुद्ध सचेतनामुलक अभियान संचालन गरिनेछ ।
- दाईजो प्रथाविरुद्ध सशक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाद्धारा सञ्चालित सहकारी संस्थालाई प्रोत्साहन गरिनेछ ।
- महिला पुर्नस्थापन गृह सञ्चालनको लागि पहल गरिनेछ ।
- विभिन्न हिंसाबाट पिडित महिलाहरुलाई तत्काल उद्दार र राहत गर्नको लागी यस क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु साझेदारी गरी सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।
- महिलाहरुको लागि स्वरोजगारमूलक तालिम तथा सीप सिर्जना उद्यमशील कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- घुम्ती शिविर/घर दैलो अभियान मार्फत जेष्ठ नागरिक र अपांग परिचयपत्र वितरणलाई थप प्रभावकारी वनाइनेछ ।
- महिला हिंसा,चेलिबेटी बेचविखन साथै अन्य सामाजिक विकृती र विसंगती हटाउन प्रत्येक टोल वस्तिसम्म सामाजिक जागरण अभियान संचालन गरिनेछ ।
- यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ ।
- बजेट,योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा बालबालिकाको अर्थपूर्ण सहभागिता गर्दै लगिनेछ ।
- बालबालिकाको बहुआयामिक विकासका लागि गुणस्तरीय पठन पाठनका साथै अतिरिक्त क्रियाकलापमा संचालन गर्न प्राथमिकता दिइनेछ ।
- अपांगता सम्वन्धि जुनसुकै सिफारिस निशुल्क गराइनेछ भने अपांगता भएका व्यक्तिले व्यवसाय गर्न चाहेमा कर शुल्क छुट हुने व्यवस्था मिलाइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको लागि पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
- आफना बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय नपठाउने अभिभावकहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरिने व्यवस्था मिलाईनेछ।
- ज्येष्ठ नागरीक सञ्जाल समुह गठन गरी ज्येष्ठ नागरिकहरुको हितमा कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइनेछ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जाँच साथै सम्मान र अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- ५० वर्ष उमेर पुगेका दलितहरुको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ।
- दलित बिद्यार्थीहरुको लागि सिपमुलक तथा लोक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ।
- अपाङ्गता परिचय पत्र वितरण कार्यलाई प्रभावकारी र सूलभरुपमा वितरण हुने व्यवस्था मिलाइनेछ।
- यसै आ.व.मा सामाजिकरण तथा समावेशी नीतिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- महिला उद्यमीहरुलाइ प्रोत्साहन गर्न विशेष व्यवस्था गरिनेछ।
- शहिद परिवारका सदस्यहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरक्षेत्रमा मात्तृ तथा शिशुपोषण कार्यकम सञ्चालन गरिनेछ।

## १०) **शिक्षा**

- यस नगरपालिकालाई साक्षर नगरपालिका निर्माण गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- पूर्वाधार विकास तथा सामाजिक विकास क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति प्राप्त गर्नको लागि प्राविधिक शिक्षालय स्थापना र सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।
- समुन्नत नगरपालिकाको आधार बनाउन शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरिनेछ।
- सामुदायीक विद्यालयहरुको नियमित मर्मत सम्भार र पूर्वाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गर्दै लगिनेछ।
- यस क्षेत्रमा रहेका विद्यालयहरुको तथ्यांक र अभिलेखलाई व्यवस्थित गर्न आवश्यक प्रवन्ध मिलाईनेछ।
- शिक्षाको गुणस्तर वृद्धी गर्न प्रधानाध्यापकहरु सँग कार्यसम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरी विद्यालयमा जाने अनुदानलाई निर्धारण गरिनेछ।
- भुगोल, जनसंख्या तथा न्युन विद्यार्थी संख्या भएका आधारमा विद्यालयहरुलाई गाभ्ने नीतिलाई प्रोत्साहन गरिनेछ।
- वृक्षारोपण गर्ने र बगैंचाको व्यवस्था गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- विद्यालयमा पोशाक नलगाइ जाने,विद्यालय पाठ योजना नवनाउने तथा मादक पदार्थ सेवन गरी विद्यालय जाने शिक्षकलाइ कारबाही हुने व्यवस्था गरिनेछ।
- प्रधानाध्यापाकहरुसँग नियमित अन्तरकृया र छलफल कार्यक्रम संचालन गरिनेछ।
- विद्यालयहरुमा नियमित स्वास्थ्य परिक्षण हुने व्यवस्था मिलाइनेछ।
- स्थानीय पाठ्यपुस्तक लागु गर्न आवश्यक व्यवस्था गरिनेछ।
- विद्यार्थीहरुको व्यक्तित्व विकासका लागि विद्यालयहरुमा नियमित रुपमा हाजीरीजवाफ वक्तृत्वकला, निवन्ध प्रतियोगिता, गायन प्रतियोगिता संचालन हुने व्यवस्था गरिनेछ।
- परीक्षा नतिजा र कार्यसम्पादनमा उत्कृष्ट सामुदायिक विद्यालयलाई प्रोत्साहन पुरस्कारको व्यवस्था गरिनेछ।
- विद्यालयहरुमा गुणस्तरीय स्यानिटरी प्याड वितरण हुने व्यवस्था मिलाइनेछ।
- सवै विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र ईन्टरनेट सुविधा पुरयाउने व्यवस्था मिलाईनेछ।
- प्रत्येक विद्यालयहरुमा बालक्लव गठन गरी बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ।
- सामुदायिक विद्यालयको संस्थागत क्षमता विकासको लागि भोतिक सम्पत्ती अभिलेख व्यवस्थापन र लेखापालन कार्यलाइ प्रशिक्षण तालिम मार्फत सुदृढीकरण गरिनेछ।

- सामुदायिक विद्यालयहरुमा बालमैत्री शिक्षा प्रणाली अवलम्वन गर्न विशेष अभियान संचालन गरिनेछ ।

## ११) स्वास्थ्य

- कोभिड महामारीको जोखिम न्यूनिकरण गर्न स्वास्थ्य पूर्वाधार तथा स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माण गर्न आवश्य पहल गरिनेछ ।
- सबै वडाहरुमा बर्थिङ सेन्टरको स्थापना गरी संचालनमा आएका बर्थिङ सेन्टरको लागि उचित पूर्वाधारको व्यबस्था गर्दै लगिनेछ ।
- महिला स्वास्थ्य स्वंयमसेविका क्षमता अभिवृद्धी गर्नको लागि पुनर्जागरण तालिम संचालन गरिनेछ साथै प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- कोरोना संक्रमणको अवस्थामा अग्रपंतिमा खटिएका स्वास्थ्य कर्मचारीहरुको लागि जोखिम भत्ता उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- नगरपालिकामा सर्पदंश उपचार केन्द्रको निर्माण र सञ्चालनलाई प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य चौकि भवनहरुको निर्माण र स्तरोन्नतीलाई निरन्तरता दिईनेछ ।
- कोरोना महामारी विरुद्ध विशेष मनोसामाजिक परामर्श अभियान र स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी टोलटोलमा घुम्ती स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ ।
- पोषणयुक्त नगरपालिका घोषणाका लागि सूचकमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकार तथा नगरपालिका बाट निशुल्क प्राप्त हुने औषधीहरु सम्बन्धित स्वास्थ्य संस्थाहरुमार्फत सहज तवरबाट उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।

## १२) सुशासन र संस्थागत सुदृढीकरण :

- सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री तथा सेवाग्राही मैत्री बनाइनेछ ।
- नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयका सुचना र क्रियाकलापलाई वेभसाइट मार्फत निरन्तर सार्वजनिक हुने व्यवस्था गरिनेछ ।
- नगरपालिका कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकी र विद्यालयहरुमा नागरिक वडापत्र,गुनासो पेटीका र हटलाइन उजुरी प्रणालीको व्यवस्था गरिनेछ ।
- नियमित रुपमा कर्मचारी बैठक हुन व्यवस्था मिलाइनेछ साथै जनप्रतिनिधि र कर्मचारी विच अन्तकृया हुने व्यवस्था अवलम्बन गरिनेछ ।
- जनताको गुनासो सम्बोधन तथा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रमलाइ निरन्तर रुपमा संचालन गरिनेछ
- विषयगत समितिलाइ प्रभावकारी रुपमा परिचालन गरी चौमासिक रुपमा समीक्षा हुने व्यवस्था गरिनेछ ।
- योजना तथा कार्यक्रमहरुको नियमित तथा नतिजामा आधारित अनुगमन गरी अनुगमन प्रतिवेदनलाइ नियमित रुपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।
- कर्मचारिको लागि तालीम प्रशिक्षण र अनुभव आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ ।
- वडा कार्यालयहरुको संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरसभाबाट विनियोजित योजना कार्यक्रमहरुको लागि जेठ मसान्तसम्म उपभोक्ता समिति गठन भई योजना कार्यक्रम कार्यान्वयनमा नगएमा त्यस्ता योजना कार्यक्रमको बजेट स्वत: रोक्का र फ्रिज हुने व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको आन्तरिक मूल्यांकन प्रणालीको विकास गरी काम र सेवाको आधारमा पुरस्कृत र दण्ड सजाय हुने व्यवस्था गरिनेछ ।

- गैरसरकारी संस्थाहरुले नगरपालिकामा कार्यकम सञ्चालन गर्दा अनुमति लिनुपर्ने व्यवस्थाको पभावकारी कार्यान्वयन गरिनेछ ।
- उपभोक्ता हक हितको संरक्षण गर्नको लागि उपभोक्ता सचेतना कार्यकम सञ्चालन गरिनेछ साथै बजार अनुगमनलाई प्रभावकारी बनाउनको लागि वजार अनुगमन निर्देशिका  कार्यान्वयनमा ल्याइनेछ ।
- प्रत्येक वडामा स्थानिय भाषाको नागरीक वडापत्र र सूचना पाटी राख्ने व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत सुदृढीकरण कार्यकम सञ्चालन गरिनेछ ।

**१३) राजश्व परिचालन :**

- राजश्व संकलन प्रणालीलाइ सफ्टवेयर प्रणालीमा आवद्ध गरी राजश्व संकलनलाइ पारदर्शी र व्यवस्थित गरिनेछ ।
- राजश्व सुधार कार्ययोजना निर्माण गरी आन्तरिक आय वृद्धिका लागि करको दायरा बढाउने व्यवस्था गरिनेछ ।
- कर परिचालन क्षमताका आधारमा वडा कार्यालयहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- राजश्व सम्भाव्यता अध्ययन गरी करका दायरा विस्तार गरी आन्तरीक आय लाई दिगो र भरपर्दो बनाईनेछ ।

**१४) न्याय सम्पादन :**

- यसै आ.व.मा न्यायिक इजलासको व्यवस्था गरिनेछ ।
- वडा स्तरमा छिटो छरितो रुपमा मुद्धा मेलमिलाप मार्फत सहजिकरण गर्न मेलमिलाप कर्ताको व्यवस्था गरिनेछ भने मेलमिलाप कर्ताको कामको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- मेलमिलापकर्ताको क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ ।
- कानूनी सचेतना अभियान संचालन गरिनेछ ।
- न्यायिक समितिलाइ व्यवस्थित रुपमा संचालन गरी न्यायिक सम्पादन कार्यलाइ सहज र छिटो छरितो वनाइनेछ ।